तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-०८३/०८४
चलानी नं. :-

## कृषि विकास कार्यक्रम सञ्चालनका लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०६/०९ गते**

तुलसीपुर उपमहानगरपालिकाको आ.व. ०८३/०८४ को वार्षिक स्वीकृत कृषि विकास कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरुमा सहभागी हुन ईच्छुक (कृषक/कृषक समूह/सहकारी/कृषि फर्म) ले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८३/६/२९ गतेसम्म) तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय तुलसीपुर दाङमा तपसिल बमोजिमका कागजातहरु सहित कार्यालयले निर्धारण गरेको ढाचाँमा निवेदन पेश गर्नुहुन सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।रित नपुगेका वा म्याद नाघि प्रास हुन आएका आवेदनहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

| क स | कार्यक्रमको नाम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सीमा |
|---|---|---|---|---|
| १ | कष्टम हायरीङ सेन्टर स्थापना | कृषि यान्त्रिकीकरण मेसिनरी खरिद, भौतिक संरचना निर्माण तथा सुधार | • आधिकारीक रुपमा दर्ता भएका कृषक समूह/ सहकारी हुनुपर्ने<br>• कष्टम हायरीङ सेन्टर स्थापनाको लागि सामूहिक रुपमा प्रयोग गर्ने निर्णय गरि प्रस्तावना पेश गर्नु पर्ने।<br>• सहुलियत दरमा कृषकहरुलाई मेसिनरि सेवा प्रदान गर्ने प्रतिवद्धता गरेको हुनुपर्ने। | कुल लागतको ५० प्रतिशत वा अधिकतम रु. १५ लाख । |
| २ | नि:शुल्क कृषि बीमा कार्यक्रम | तरकारी र फलफूल मा बीमा गर्नुपर्ने । | • बीमित(कृषक)ले बीमालेख जारी गरि वीमक(बीमा कम्पनि)लाई बीमा शुल्क बुझाएको रसिद,अन्य संलग्न कागजातहरुका आधारमा बीमितको तर्फवाट बुझाइएको रकमको अनुदान दिने । | नेपाल सरकारले दिने बीमा शुल्कको अनुदान रकम (८०%) बाहेक बीमितले तिरेको बीमा शुल्क(२०%)मा अनुदान भुक्तानि दिईने । |
| ३ | खाद्यान्न बालीमा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण गर्न त्रिपाल र PICS व्याग वितरण | कृषि उपज व्यवस्थापनका लागि त्रिपाल वितरण । | • कृषक/कृषक समूह/कृषि फर्म/सहकारी संस्थाहरुले प्रस्ताव पेश गर्न सक्ने । | कुल लागतको ५०% |
| ४ | ५०% लागत साझेदारीमा | तरकारी खेतिका लागि ६•१२ मिटरको | • कृषक/कृषक समूह/कृषि फर्म/सहकारी संस्थाहरु समावेश हुन सक्ने । | कुल लागतको ५०% |

(१)



कुलराज चौधरी
कृषि अर्थ अधिकृत

Scanned with CamScanner

पत्र संख्या :-०८३/०८४
चलानी नं. :-

| | | | | |
|---|---|---|---|---|
| | प्लाष्टिक टनेल वितरण | प्लाष्टिक टनेल वितरण | • प्लाष्टिक घरको लागि संरचना निर्माण गर्नुपर्ने ।<br>• कृषकको लागि अधिकतम दुई वटा,कृषि फर्मलाई अधिकतम तिन वटा र कृषक समूह/सहकारीको हकमा अधिकतम १५ वटा टनेल उपलब्ध गराउन सकिने । | |
| ५ | ५०% अनुदानमा प्लाष्टिक मल्चिङ वितरण | तरकारी खेतीका प्लाष्टिक मल्चिङ वितरण | • कृषक/कृषक समूह/कृषि फर्म/सहकारी संस्थाहरु समावेश हुन सक्ने ।<br>• कम्तिमा ५ कठ्ठा र अधिकतम २० कठ्ठामा व्यावसायिक तरकारी खेति गरेको हुनुपर्ने । | कुल लागतको ५०% |
| ६ | तरकारी बालीमा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण गर्न निशुल्क क्यारेट वितरण | कृषि उपज प्याकेजिङ तथा बजारीकरणको लागि प्लाष्टिक क्यारेट वितरण | • आधिकारीक निकायमा दर्ता भई सञ्चालनमा रहेका कृषि हाट बजार सञ्चालकले प्रस्ताव पेश गर्न सक्ने<br>• हाट बजार अनुगमन गरी क्यारेट वितरण गर्ने । | निःशुल्क(१००% अनुदान) |
| ७ | सिंचाई सहित कृषि विकास कार्यक्रम | थोपा सिंचाइ सामग्री खरिद निर्माण तथा सुधार | • कृषक/कृषक समूह/कृषि फर्म/सहकारी संस्थाहरु समावेश हुन सक्ने<br>• न्यूनतम २ कठ्ठा र अधिकतम १ बिघामा तरकारी खेति गरेको ।<br>• थोपा सिंचाई पूर्वाधार निर्माण गरि व्यवसायीक तरकारी खेति गर्नुपर्ने | कुल लागतको ५०% वा अधिकतम रु २ लाख |
| ८ | ५०% लागत साझेदारीमा कृषि एम्बुलेन्स वितरण | कृषि एम्बुलेन्स(कृषि ढुवानी साधन) खरिद गर्ने । | • कृषि फर्म/कृषक समुह/सहकारी संस्था हुनुपर्ने ।<br>• कम्तिमा ५ बिघामा व्यवसायिक तरकारी खेती गरि ढुवानी योग्य परिमाणमा बालीवस्तु उत्पादन संकलन तथा बजारीकरण कार्यमा संलग्न भएको संस्था हुनुपर्ने ।<br>• कम्तिमा १० बर्षसम्म स्वामित्व हस्तान्तरण गर्न नपाइने गरि स्वीकृत स्पेशिफिकेशन अनुसार कार्यालयसंग भएको सम्झौता बमोजिम अनुदानग्राहिले **Single cab pick up** खरिद गर्नुपर्ने । | कुल लागतकोको ५०% वा प्रति ढुवानी साधन अधिकतम रु १५ लाख |



तुलसीपुर उपमहानगरपालिकाको फोन : ०८२-५२०३२६/५२२२८३/५२०५८२/५२०२३३, वारुण यन्त्र: ०८२-५२०३०५
*ईमेल:tulsipursubmun2073@gmail.com/info@tulsipurmun.gov.np, वेबसाईट:www.tulsipurmun.gov.np*

कुलराज चौधरी
कृषि अर्थ अधिकृत

Scanned with CamScanner

तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-०८३/०८४
चलानी नं. :-

| | | | | |
|---|---|---|---|---|
| ९ | साना कृषि यन्त्र उपकरण सहयोग कार्यक्रम | मिनिटिलर खरिद तथा वितरण | • कृषि फर्म/कृषक समूह/सहकारी संस्था हुनुर्ने ।<br>• कम्तिमा १५ कठ्ठामा खेति गरि तुलसीपुर उपमहानगरपालिकाबाट विगत २ बर्ष अघिदेखि कृषि यान्त्रिकरण अनुदान नलिएको । | कुल लागतको ५०% |

संलग्न गर्नुपर्ने आवश्यक कागजात

१. निवेदन
२. कृषक समूह/कृषि फर्म/सहकारी संस्थाको हकमा दर्ता/ नवीकरण प्रमाण पत्र,स्थायी लेखा नं प्रमाण पत्र, गत आ व को कर चुक्ता प्रमाण पत्र प्रतिलिपि
३. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
४. कृषकको हकमा नागरिकता प्रमाण पत्रको प्रतिलिपि
५. जग्गा धनि दर्ता प्रमाण पत्रको प्रतिलिपि वा भाडामा लिइ कार्यक्रम सञ्चालन गर्नेको हकमा वहाल सम्झौताको प्रतिलिपि
६. क स १ र ८ बमोजिमको कार्यक्रमको हकमा अनुसूचि ३ बमोजिमको व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव
७. समूह/ सहकारीको हकमा कार्यक्रम माग गर्ने निर्णय प्रतिलिपि

नोटः निवेदनको ढाँचा र प्रस्तावनाको ढाचाँ तुलसीपुर उपमहानगरपालिका कृषि विकास शाखा, सम्वन्धित वडा कार्यालय र तुलसीपुर उपमहानगरपालिकाको वेबसाइट **www.tulsipurmun.gov.np** बाट प्राप्त गर्न सकिने छ ।

(२)

कुलराज चौधरी
कृषि अर्थ अधिकृत

तुलसीपुर उपमहानगरपालिकाको फोन : ०८२-५२०३२६/५२२२८३/५२०५८२/५२०२३३, वारुण यन्त्रः ०८२-५२०३०५
*ईमेलःtulsipursubmun2073@gmail.com/info@tulsipurmun.gov.np, वेबसाईटःwww.tulsipurmun.gov.np*

Scanned with CamScanner